# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।२० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

श्री जनता माध्यमिक विद्यालय, सोनामती गाढ, सिराहाका प्रधानाध्यापक मो.सनाउल्लाह खाँ समेतले विद्यालयको भवन निर्माणको कार्य प्राविधिक इस्टिमेट अनुसार नगरेको, छात्रवृत्ति वितरण तथा पाठ्यपुस्तक हालसम्म पनि वितरण नगरेको, आर्थिक वर्ष २०६७/०६८ को पुरानो शौचालय हालसम्म पनि निर्माण नगरेको तथा निर्माण र अन्य मर्मत सम्भार जस्ता धेरै कार्यहरुमा आर्थिक हिनामिना गरी भ्रष्टाचार गरेकोले कारवाही गरी पाँउ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक सनाउल्लाह खाँले विभिन्न आर्थिक वर्षहरुमा विद्यालयको भवन निर्माणको लागि विनियोजित रकम र विद्यालयको आन्तरिक स्रोतको काम नै नगरी खर्च देखाई निर्माण बजेट र आन्तरिक स्रोत गरी रु.१०,१८,६७०।८७ (दश लाख अठार हजार छ सय सत्तरी रुपैयाँ सतासी पैसा) बदनियतसाथ हिनामिना तथा हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.१०,१८,६७०।८७ (दश लाख अठार हजार छ सय सत्तरी रुपैया सतासी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको रु.१०,१८,६७०।८७ (दश लाख अठार हजार छ सय सत्तरी रुपैयाँ सतासी पैसा) निज प्रतिबादीबाट सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन समेत मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता